भोल्युम 29
DeKalb County School District का परिवारहरूलाई अभिवादन,

हामीले हाम्रा भवनहरूको पुनः सञ्चालनको उत्सव मनाउँदै हाइब्रिड अध्ययनमा समायोजन हुने कार्यलाई निरन्तरता दिइरहेको हुनाले, हाम्रो राज्य र देशको वरिपरि के भयो भन्ने कुरालाई वेवास्ता गर्न कठीन हुन्छ। धेरैजना जस्तै, म Atlanta र Cherokee County मार्च 16 मा घटेका डरलाग्दो घटनाहरूले भित्रदेखि नै दुःखी छु। मानिसविरूद्ध हिंसा र घृणाको उचाइ अस्वीकार्य छ र सहन सकिँदैन। DeKalb County School District (DCSD) सबै प्रकारका घृणा, जातीय भेदभाव र उल्लङ्घनको विरूद्धमा उभिन्छ र एसियाली र प्यासिफिक आइल्याण्डर समुदायप्रति हाम्रा सम्झनाहरू छन्।

हामी विविधताको स्कूल डिस्ट्रिक्ट हो र हामीले हरेक तरिकामा विविधताको उत्सव मनाउँछौं। हामीले केही व्यक्तिहरूका कार्यहरूको कारणले यो महत्त्वपूर्ण भावको दृष्टिलाई गुमाउनु हुँदैन। डा Martin Luther King Jr ले एक पटक भन्नुभएको थियो कि, "कुनै पनि स्थानमा भएको अन्याय सबै ठाउँमा भएको न्यायको लागि खतरा हो।" सबै DCSD विद्यार्थी र कर्मचारीहरूको सुरक्षा र भावनात्मक तन्दुरुस्ती सधैं शीर्ष प्राथमिकतामा रहनेछ।

कोभिड-19 खोप र परीक्षण

हामी DeKalb स्वास्थ्य परिषद् (BOH) ले Elizabeth Andrews हाइ स्कूलमा मार्च 20 मा कर्मचारीहरूको लागि खोप क्लिनिक आयोजना गर्नेछ भनी घोषणा गर्न उत्साहित छौं। BOH ले यो कार्यक्रममा लगभग 1,250 शिक्षकहरू र कर्मचारीलाई खोप लगाउन सक्छ। कर्मचारीलाई सम्भव भएमा उहाँहरूको “dekalbschoolsga.org” इमेल ठेगाना प्रयोग गरेर कार्यक्रमको लागि दर्ता गर्न अनुरोध गरिन्छ। यो DCSD मा समर्पित निजी कार्यक्रम भएकोले, हामी अन्य योग्य व्यक्तिहरूले यो कार्यक्रमको लागि दर्ता नगरोस् भनी सुनिश्चित गर्न चाहन्छौं। कृपया कसरी दर्ता गर्ने भनी अतिरिक्त निर्देशनहरूको लागि आफ्नो डिस्ट्रिक्ट इमेल जाँच गर्नुहोस्।

DeKalb County School District ले कर्मचारी र परिवारहरूलाई कोभिड-19 जाँचहरू उपलब्ध गराउन नि शुल्क कोभिड परीक्षण केन्द्रहरूसँग साझेदारी गरेको छ। परीक्षण शिक्षक र कर्मचारी सदस्यहरूको लागि Cross Keys हाई स्कूलमा सोमबार, मङ्गलबार र बुधबार बिहानको 11 बजेदेखि साँझको 5 बजेसम्म; र Bethune मिडल स्कूलमा मङ्गलबार, बुधबार र बिहीबार बिहानको 7 बजेदखि दिउँसोको 1 बजेसम्म उपलब्ध हुनेछ।

तालिकालाई विद्यालय सेमेस्टरको अन्तिम समयसम्म विस्तार गरिनेछ। अपोइन्टमेन्ट निर्धारण गर्न, कृपया www.freecovidtesting.us. मा जानुहोस्। तपाईंको अपोइन्टमेन्ट निर्धारण गर्न र विद्यालयको स्थान चयन गर्न 'द्रुत दर्ता' चयन गर्नुहोस्।

फिल्ड दिवस

मैले DCSD फिल्ड दिवसको लागि क्षेत्र IV का नेतृत्वकर्ताहरूसँग उत्कृष्ट समय बिताए। म सँग Stone Mountain इलिमेन्टरी स्कूलको नेतृत्व टोलीसँग भर्चुअल रूपमा भेट्ने, Indian Creek इलिमेन्टरीमा सानो समूह निर्देशन अवलोक गर्ने र Champion Theme मिडल स्कूलमा अल्पकालीन टोली कार्य योजना (STAP) बैठकमा भर्चुअल रूपमा जाने अवसर थियो।

क्षेत्र IV ले उत्कृष्ट कार्य सेटिङका लक्ष्यहरू गरिरहेको छ र हाम्रा सबै विद्यार्थीहरूको लागि गुणस्तर शिक्षा सुनिश्चित गरिरहेको छ। म अन्तरिम क्षेत्रीय सुपरिवेक्षक डा Antonette Campbell लाई हाम्रो विद्यार्थीहरूप्रति उहाँको प्रतिबद्धताको लागि धन्यवाद दिन चाहन्छु।

7-दिन फ्रोजन खानाको बाकस

सबै 18 वर्ष र सोभन्दा कम उमेरका DCSD विद्यार्थीहरूले अब फलफूल तथा सागसब्जीहरूसँग 7-दिन फ्रोजन खानाका बाकसहरू प्राप्त गर्न सक्नुहुन्छ। खाना वितरण बुधबार बिहानको 11 बजेदेखि दिउँसोको 2 बजेसम्म हुन्छ। थप जानकारीको लागि, यहाँ क्लिक गर्नुहोस्।

MOSAIC गर्मी अध्ययन कार्यक्रम

म डिस्ट्रिक्टले यो गर्मीमा विद्यार्थीहरूको लागि नयाँ अध्ययन कार्यक्रम प्रस्ताव गर्नेछ भनी घोषणा गर्न खुशी छु। MOSAIC गर्मी अध्ययन कार्यक्रमले शैक्षिक प्रतिगमन र अध्ययनको नोक्सानीलाई सम्बोधन गर्न अतिरिक्त अध्ययनका अवसरहरू उपलब्ध गराउँछ। MOSAIC कार्यक्रमहरूमा साक्षरता र गणित फाउन्डेशन सीपहरू, भाषा अधिग्रहण, क्रेडिट रिकभरी वा गतिवृद्धि, STEM/STEAM, समर ब्रिज र समृद्धि क्याम्पहरू समावेश छन्। पाठ्यक्रम जुन र जुलाई 2021 मा अर्थपूर्ण अध्ययनका अनुभवहरू र विद्यार्थीहरूलाई अध्ययनका अन्तरहरूलाई सम्बोधन गर्न जानीजानी, लक्षित सहायता उपलब्ध गराउन डिजाइन गरिएको हो।

कार्यक्रमहरू निःशुल्क छन्, यद्यपि, हाइ स्कूल विद्यार्थीले Georgia भर्चुअल स्कूल वा अन्य प्रमाणित संस्थाबाट पाठ्यक्रम लिन्छ भने, त्यहाँ प्रति पाठ्यक्रममा शुल्कहरू लाग्छन्। डिस्ट्रिक्टले विद्यार्थीहरूको समृद्धिको लागि डिजाइन गरिएको कार्यक्रमको फाइदा उठाउन सबै विद्यार्थीहरूलाई प्रोत्साहन गर्छ।

थप जानकारी आउनेछ।

टाउन हल

म हाम्रो हालको भर्चुअल टाउन हल हेर्नुभएको र सहभागी हुनुभएको हाम्रा अभिभावक र शिक्षकहरूलाई धन्यवाद दिन चाहन्छु। हामीले डिस्ट्रिक्टको पुनः सञ्चालनको योजना बारे विवरणहरू उपलब्ध गराउने भएकोले तपाईंको पृष्ठपोषण र ध्यानहरूको प्रशंसा गर्छौं। तपाईंले टाउन हल छुटाउनुभयो भने, कृपया हेर्नको लागि यहाँ क्लिक गर्नुहोस्।

सुपरिवेक्षकको सामुदायिक सुझाव परिषद्

म हाम्रा सामुदायिक साझेदार र सुपरिवेक्षकको सामुदायिक सुझाव परिषद् (SCAC) लाई यो हप्ता हाम्रो टोलीसँग भेट गर्नुभएको धन्यवाद दिन चाहन्छु। SCAC को लक्ष्य भनेको डिस्ट्रिक्टको शैक्षिक, सञ्चालनन र वित्तीय कल्याणका समस्याहरू बारे सुपरिवेक्षकलाई सहायता, मार्गनिर्देशन र नेतृत्व उपलब्ध गराउने हो।

यो सहकार्य डिस्ट्रिक्टलाई महत्त्वपूर्ण छ। सबै सरोकारवालाहरूको बीचमा सामुदायिक संलग्नता र सहभागिता भनेको सफल स्कूल डिस्ट्रिक्टको कुञ्जी हो।

कोभिड-19 आपूर्ति उपकरणको दान

म Peachcrest इलिमेन्टरी स्कूललाई DeKalb Association of REALTORS को उदार दानको लागि धन्यवाद दिन चाहन्छु। संस्थाले शिक्षकहरूलाई कक्षाकोठाहरू सफा र सुरक्षित कायम राख्नमा मद्दत गर्ने प्रयत्नले 50 कोभिड-19 का आपूर्ति किटहरू दान गरेको छ। किटहरूमा वाइप्स, ह्यान्ड स्यानिटाइजर, मुखमा लगाउने मास्क, फेस शिल्डहरू र लाइसल समावेश गरिएको छ। DeKalb Association of REALTORS ले विभिन्न वर्षमा DCSD सँग साझेदारी गरेको छ र हामी उक्त साझेदारीको लागि आभारी छौं।

हामीले यो विश्वव्यापी महामारी र यसपछिको सम्भावित प्रभावको अन्त्यतर्फ हाम्रो मार्गलाई नेभिगेट गरिरहेको हुँदा हामी समुदायको रूपमा एक-अर्कालाई दया देखाउन र एक-अर्को लागि रहन जारी राख्छौं भन्ने कुराको म आशा गर्छु।

भवदीय,

Mrs. Cheryl Watson-Harris